# बैठक नं.१०७

आज मिति २०७९ बैशाख ०८ गते विहान ८:०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ४ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ५ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बाँनिया | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| ९ | सदस्य, का.वा.अध्यक्ष वडा न. ७ | श्री राजकुमार महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १३ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १४ | सदस्य | श्री राजु मिजार | |
| १५ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १६ | सदस्य | श्री सरस्वती परियार | |
| १७ | सदस्य | श्री सानु मिजार | |
| १८ | सदस्य | श्री सुनीता नकर्मी | |
| १९ | सदस्य | श्री सुमन पोखरेल | |
| २० | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २१ | सदस्य सचिव | श्री राजेन्द्र कार्की | |
| आमन्त्रित व्यवस्थापन कर्मचारीहरुः | | | |
| १ | लेखा अधिकृत | श्री प्रविन कुमार शाही | |
| २ | वरिष्ठ अधिकृत | श्री जनक थापा | |
| ३ | सचिवालय | श्री संजिता लामा | |

## निर्णय नं.१

कीर्तिपुर नगरपालिकाको हाल प्रयोगमा भईरहेको नक्सा बमोजिमको सर्वेक्षण गर्दा भौगोलिक अवस्था र प्रयोगमा आएको नक्सा नमिल्ने भएको हुदाँ भौगोलिकता अनुसारको तपशील बमोजिमको नक्सा प्रयोगमा ल्याउन आवश्यक प्रकृया अगाडी बढाउनका लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायत सम्पूर्ण सम्बन्धित कार्यालयहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।




Fig. Administrative division of Kirtipur municipality

**<u>निर्णय नं.२</u>**

कीर्तिपुर नगरपालिकामा मिति २०७४ बैशाख ३१ गते को निर्वाचनबाट निर्वाचित भई मिति २०७४ जेष्ठ ०८ गते नगरपालिकामा पदबाहाली गरेका जनप्रतिनिधिहरुमध्ये मिति २०७९ बैशाख ३० गतेको स्थानीय तहको निर्वाचनका लागि आफ्नो पदबाट राजिनामा गरेमा बाँकी कायम भएका जनप्रतिनिधिहरु रहेका विभिन्न समितिहरुलाई पूर्ण समिति मानी आवश्यक काम कार्वाहीहरुलाई अगाडी बढाउने र कोहि पनि बाँकी नरहेको अवस्थामा प्रमुख प्रशासकीय अधिकृतबाट नै काम कार्वाहीहरुलाई अगाडी बढाउने निर्णय गरियो ।

**<u>निर्णय नं.३</u>**

कीर्तिपुर नगरपालिकामा मिति २०७४ बैशाख ३१ गतेको स्थानीय तहको निर्वाचनबाट निर्वाचित भई मिति २०७४ जेष्ठ ०८ गते वडा कार्यालयमा पदबाहाली गरेका जनप्रतिनिधिहरुमध्ये मिति २०७९ बैशाख ३० गतेको स्थानीय तहको निर्वाचनका लागि आफ्नो पदबाट राजिनामा गरेमा बाँकी कायम भएका जनप्रतिनिधिमध्ये जेष्ठबाट, विविध कारणवस जेष्ठबाट सम्पदान हुन नसक्ने आवस्था आएमा अर्को जेष्ठ जनप्रतिनिधिबाट वडा अध्यक्षले गर्नुपर्ने भनि तोकिएका सम्पूर्ण कामहरु गर्ने, एक जना मात्र बाँकी कायम रहेमा निजले नै गर्ने र सबैजनाले राजिनामा दिई खाली भएको अवस्थामा सम्बन्धित वडाको वडा सचिवले नै उक्त कार्यहरु गर्ने गराउने निर्णय गरियो ।

**<u>निर्णय नं.४</u>**

कीर्तिपुर नगरपालिका अन्तर्गत संचालित श्री स्टार स्कुलले पेश गरेको शैक्षिक नीजि गुठी विधान नगर शिक्षा समितिको मिति २०७८/११/११ को बैठकबाट सिफारिस भई अनुमोदनका लागि यस कार्यापालिका बैठकमा पेश भएको हुदाँ उक्त " स्टार स्कुल शैक्षिक निजी गुठीको विधान- २०७७" अनुमोदन गर्ने निर्णय गरियो ।